परीक्षाको लागि बुकिङ गर्न, बुकिङ परिवर्तन वा रद्द गर्न:

नयाँ अकाउन्ट बनाउनुहोस्

लगइन

・युजर नेम बिर्सेमा

・पासवर्ड बिर्सेमा

परीक्षा केन्द्र खोज्ने परीक्षाको डिस्प्ले परीक्षा सम्बन्धी ध्यान दिनुपर्ने कुराहरूको लागि सम्पर्क

JBMA | जापान भवन मर्मत संघ (JBMA) परीक्षा

## भवन सफाई क्षेत्र विशिष्ट सीप भएका कामदार (SWW) नम्बर 1 मूल्याङ्कन परीक्षाको सम्बन्धमा

यो "विशिष्ट सीप भएका कामदार (SWW) नम्बर 1(भवन सफाई)" को बसोबास योग्यता लिएर जापानमा काम गर्न चाहने व्यक्तिहरूले दिने सीप परीक्षा हो।
हामी भवन सफाईसँग सम्बन्धित तपाईंको सीप र ज्ञानको जाँच गर्नेछौं।

## परीक्षाका लागि योग्यता

- परीक्षा मितिमा 17 वर्ष वा सोभन्दा माथिको उमेर भएको। यद्यपि, इन्डोनेसियन नागरिकहरू परीक्षा मितिमा 18 वर्ष वा सोभन्दा माथि उमेरको हुनुपर्छ ।
- जापानमा परीक्षा दिनेहरूसँग वैध बसोबास योग्यता हुनुपर्छ।

## परीक्षाको विषयवस्तु र अवधि

परीक्षामा लिखित परीक्षा र प्रयोगात्मक परीक्षा समावेश हुनेछ। सम्पूर्ण परीक्षा कार्यक्रम जापानी भाषामा सञ्चालन गरिनेछ।
लिखित परीक्षा: 20 वटा प्रश्नहरू (60% वा सोभन्दा बढी अंक प्राप्त गरेमा उत्तीर्ण), परीक्षा अवधि 20 मिनेट
प्रयोगात्मक परीक्षा: 30 वटा प्रश्न (60% वा सोभन्दा बढी अंक प्राप्त गरेमा उत्तीर्ण), परीक्षा अवधि 30 मिनेट
50 मिनेटको परीक्षाको अतिरिक्त, 10 मिनेटको समयमा गोपनीयता पालन सम्झौतामा सहमति, ट्यूटोरियल सर्वेक्षण पूरा गर्नुपर्नेछ।

## परीक्षा शुल्क

जापानमा परीक्षा दिँदै हुनुहुन्छ भने: 4,400 येन (10% उपभोग कर सहित)
जापान बाहिर परीक्षा दिँदै हुनुहुन्छ भने: 30 अमेरिकी डलर

## अनलाइन दर्ता, बुकिङ देखि परीक्षासम्मको प्रक्रिया

### चरण 1: नयाँ युजर दर्ता (नयाँ अकाउन्ट खोल्ने)

Pearson VUE मा भवन सफाई क्षेत्र विशिष्ट सीप भएका कामदार (SWW) नम्बर 1 मूल्याङ्कन परीक्षा दिनको लागि, तपाईंले युजर अकाउन्ट खोल्नुपर्नेछ। "नयाँ अकाउन्ट बनाउनुहोस्" मा क्लिक गरेर नयाँ युजरको रूपमा दर्ता गर्न स्क्रिनमा दिइएका निर्देशनहरू पालना गर्नुहोस्। यदि तपाईंसँग पहिले नै अकाउन्ट छ भने, चरण 2 मा जानुहोस्।
* दर्ता गर्नुभएको नाम परीक्षाको दिनमा परीक्षा केन्द्रमा प्रस्तुत गर्ने, परिचय खुल्ने कागजातमा रहेको नाम भन्दा फरक भएमा, परीक्षा दिन अनुमति नदिइने भएकोले कृपया सजग हुनुहोस्।

**नोट**

२०२६ मार्च ३१ सम्म आवेदन दिन सकिन्छ। २०२६ अप्रिल १ पछि प्रणालीमा आरक्षण उपलब्ध हुनेछ, तर कृपया आरक्षण नगर्नुहोस्।

**चरण 2: परीक्षा बुकिङ गर्नुहोस्**

आफ्नो परीक्षाको लागि बुकिङ गर्न, कृपया चरण 1 मा दर्ता गर्नुभएको युजर नेम र पासवर्ड प्रविष्ट गर्नुहोस्।
*यदि तपाईंसँग भौचर छ भने, भुक्तानी र बिलिङ जानकारी प्रविष्ट गर्ने स्क्रिनमा "भौचर वा प्रवर्द्धन कोड राख्नुहोस्" मा क्लिक गरि आफ्नो भौचर नम्बर प्रविष्ट गरेर "लागू गर्नुहोस्" मा क्लिक गरि आफ्नो बुकिङ पूरा गर्नुहोस्।
*बुकिङ पूरा भएपछि, तपाईंले बुकिङ पुष्टि हुने इमेल प्राप्त गर्नुहुनेछ।

**बुकिङको म्याद, बुकिङ परिवर्तन र रद्द गर्ने म्याद**

- **बुकिङको म्याद:** तपाईंको इच्छित परीक्षा मितिको अघिल्लो दिन राति 11:59 बजे सम्म
- **परिवर्तन र रद्द गर्ने म्याद:** हालको बुकिङ मिति र समयभन्दा 24 घण्टा अगाडि सम्म

**नोट:** सबै म्यादहरू अनलाइन बुकिङ साइटमा आधारित छन्। ग्राहक सेवा मार्फत बुकिङ गर्दा, बुकिङ परिवर्तन गर्दा, वा बुकिङ रद्द गर्दा, तपाईंले लागू हुने समयसीमा भित्र र ग्राहक सेवा खुल्ने समय भित्र प्रक्रिया पूरा गर्नुपर्छ। म्याद सकिए पछि बुकिङ परिवर्तन वा रद्द गर्न सकिँदैन।

**भुक्तानी विधि**

परीक्षा शुल्क क्रेडिट कार्ड वा भौचरबाट मात्र तिर्न सकिन्छ।

- क्रेडिट कार्ड
  VISA, MasterCard, JCB र AMEX प्रयोग गर्न सकिन्छ।
- प्रिपेड भौचर
  यदि तपाईंको परीक्षा शुल्क कम्पनी वा स्कूलले तिर्दै छ भने प्रिपेड भौचर प्रयोग गर्न सकिन्छ। यद्यपि, न्यूनतम खरिद गरिने सङ्ख्या 10 परीक्षा (10 जना) ले प्रयोग गर्ने बराबर हो। प्रिपेड भौचर खरिद गर्ने तरिका बारेको विस्तृत जानकारीको लागि कृपया तलको लिङ्क जाँच्नुहोस्। प्रिपेड भौचरहरू खरिद गरेपछि, प्रत्येक परीक्षार्थीहरूलाई भौचर नम्बरहरू वितरण गर्नुहोस्।
  (जापानमा परीक्षा दिँदै हुनुहुन्छ भने) भौचर स्टोर *न्यूनतम खरिद सङ्ख्या: 10 वटा परीक्षा (10 जना) बराबर वा सो भन्दा माथि
  (जापान बाहिर परीक्षा दिँदै हुनुहुन्छ भने) Purchase Vouchers *न्यूनतम खरिद सङ्ख्या: 1 वटा परीक्षा (1 जना) बराबर वा सो भन्दा माथि

**चरण 3: परीक्षा दिने तयारी**

परीक्षाको दिनको तयारी र प्रक्रियाहरूको लागि कृपया निम्न पृष्ठ जाँच गर्नुहोस्।

- परीक्षा दिनु अघि जाँच गर्नुपर्ने कुराहरू
  परीक्षा दिनु अघि जाँच गर्नुपर्ने कुराहरू (जापानी भाषा)
  Helpful resources for test-takers（English）
- परीक्षाको दिन परीक्षा केन्द्रमा गर्नुपर्ने सामान्य कार्यहरूको प्रवाह (भिडियो)
  परीक्षा दिने बेलाको प्रक्रियाहरू (जापानी भाषा)
  What to expect when testing with Pearson VUE（English）
- CBT डेमो परीक्षा
  डेमो परीक्षा (जापानी भाषा)

**चरण 4: परीक्षा दिने**

**परीक्षा स्थलमा आइपुग्ने समय**

तपाईंको परीक्षाको दिन, दर्ता प्रक्रिया पूरा गर्नको लागि कृपया परीक्षा सुरु हुनुभन्दा कम्तिमा 15 मिनेट अगाडि परीक्षा केन्द्रमा आइपुग्नुहोस्। ढिलो गरि आएमा, तपाईंलाई परीक्षा दिन अनुमति दिइने छैन र साथै परीक्षा शुल्क फिर्ता हुने छैन।

**ल्याउन मिल्ने वस्तुहरू**

दर्ता गर्दा तपाईंले **एउटा मान्य परिचय खुल्ने कागजात देखाउनुपर्नेछ**। विस्तृत जानकारीको लागि कृपया निम्न पृष्ठ हेर्नुहोस्। यदि तपाईंको "बुकिङमा भएको नाम" र तपाईंको "परिचय खुल्ने कागजातमा भएको नाम" फरक भएमा, तपाईंलाई परीक्षा दिन अनुमति दिइने छैन। नाम नमिलेको कारणले गर्दा तपाईंलाई परीक्षा दिन अनुमति नदिइएको खण्डमा, तपाईंको परीक्षा शुल्क फिर्ता गरिने छैन।

(जापानमा परीक्षा दिँदै हुनुहुन्छ भने) परिचय खुल्ने कागजातहरू सम्बन्धमा *जापानमा परीक्षा दिँदै हुनुहुन्छ भने, कृपया आफ्नो राहदानी ल्याउनुहोस्।

(जापान बाहिर परीक्षा दिँदै हुनुहुन्छ भने) Global ID Policy 1 *तपाईंसँग राहदानी छ भने, कृपया आफ्नो राहदानी ल्याउनुहोस्।

परीक्षा कोठामा कुनै पनि व्यक्तिगत सामान लैजान पाइने छैन। परीक्षाको लागि आवश्यक नभएको कुनै पनि चीज नल्याउन सिफारिस गर्छौं।

दर्ता डेस्कमा लेमिनेट गरिएको ह्वाइट नोटबुक र पेन (छिटो सुक्ने नन-पर्मानेन्ट मार्कर) प्रदान गरिने भएकोले, परीक्षाको समयमा नोटहरू लिन सक्नुहुनेछ। परीक्षा पछि, ह्वाइट नोटबुक र पेन सङ्कलन गरिनेछ।




**गोपनीयता पालन सम्झौता (NDA) मा सहमति**

परीक्षा केन्द्रमा आफ्नो परीक्षा सुरु गर्नु अघि, तपाईंले गोपनीयता पालन सम्झौता (NDA) मा सहमति गर्नुपर्ने छ। NDA भनेको मुख्यतया तेस्रो पक्षहरूलाई प्रश्न वा उत्तरहरू खुलासा नगर्ने सहमति हो। यदि सहमत हुनुहुन्न भने, तपाईंले परीक्षा सुरु गर्न सक्नुहुने छैन। साथै, तपाईं सहमत नभएर परीक्षा नदिने छनौट गर्नुभयो भने, तपाईंको परीक्षा शुल्क फिर्ता गरिने छैन। परीक्षा दिएपछि तपाईंले सम्झौताका सर्तहरू उल्लङ्घन गर्ने कुनै पनि निषेधित आचरणमा संलग्न भएको पत्ता लाग्यो भने, प्रमाणीकरण निकायले तपाईंको प्रमाणपत्र रद्द गर्न सक्छ र/वा भविष्यमा परीक्षा दिनबाट प्रतिबन्ध लगाउन सक्छ।

**चरण 5: परीक्षाको नतिजा**

परीक्षाको नतिजा निम्न 2 तरिकाले सूचित गरिनेछ।

- स्कोर रिपोर्ट
  परीक्षा दिएपछि तुरुन्तै, तपाईंलाई परीक्षा केन्द्रमै छापेर स्कोर रिपोर्ट (पास/फेल नतिजा) दिइनेछ।

केही समयपछि आफ्नो Pearson VUE युजर माइ पेजमा पनि उही स्कोर रिपोर्ट हेर्न सक्नुहुन्छ।
**नोट:** स्कोर रिपोर्ट उत्तीर्ण भएको प्रमाणपत्र होइन।

- उत्तीर्ण प्रमाणपत्र
  उत्तीर्ण उम्मेदवार र रोजगारीको लागि स्वीकार गर्ने संस्था बीच रोजगार सम्झौता हुने निश्चित भएपछि, उत्तीर्ण प्रमाणपत्र जारी गर्ने आवेदन र जारी शुल्क स्वरूप 11,000 येन (10% उपभोग कर सहित) तिरेपछि जापान भवन मर्मतसम्भार संघले रोजगारीको लागि स्वीकार गर्ने संस्थालाई उत्तीर्ण प्रमाणपत्र जारी गर्नेछ।

## ध्यान दिनुपर्ने कुराहरू

जालसाजीपूर्ण कार्य वा माध्यमबाटबाट परीक्षा दिने प्रयास गर्ने वा परीक्षा दिएको जो कोहीले पनि अधिकतम पाँच वर्षसम्म परीक्षा दिन पाउने छैनन्।
जालसाजीपूर्ण कार्य वा माध्यमबाट परीक्षा दिएर पास भएको खण्डमा, पास भएको नतिजा रद्द गरिनेछ र उत्तीर्ण प्रमाणपत्र फिर्ता मागिनेछ। अनि, कृपया ध्यान दिनुहोस् कि परीक्षा शुल्क र उत्तीर्ण प्रमाणपत्र जारी गर्ने शुल्क फिर्ता हुने छैन।

## व्यक्तिगत जानकारी

परीक्षाको लागि आवेदन दिँदा वा परीक्षा केन्द्रमा तपाईंले प्रदान गर्नुभएको व्यक्तिगत जानकारी राष्ट्रिय भवन मर्मतसम्भार संघको व्यक्तिगत जानकारी सुरक्षा नियमहरू अनुसार परीक्षा सञ्चालन गर्ने, पूरा भएको प्रमाणपत्र जारी गर्ने र विशिष्ट सीप भएका कामदार (SWW) प्रणालीको बारेमा अध्ययन गर्ने उद्देश्यका लागि प्रयोग गरिनेछ। कृपया ध्यान दिनुहोस् कि व्यक्तिगत जानकारी जापानका सरकारी निकायहरू वा परीक्षार्थीको गृह देशको सरकारी निकायलाई प्रदान गर्न पनि सकिन्छ।

## - सम्बन्धित लिङ्कहरू

सार्वजनिक हित संस्थान जापान भवन मर्मतसम्भार संघ
परीक्षाको लागि बुकिङ गर्ने बारेमा सामान्यतया सोधिने प्रश्नहरू
परीक्षाको दिन परीक्षा केन्द्रमा गर्नुपर्ने कार्यहरूको प्रवाह

## - सोधपुछ

सोधपुछको विषयवस्तुको आधारमा सम्पर्क जानकारी फरक हुने कुरामा सचेत रहनुहोस्।

| सोधपुछका विषयवस्तुहरू | सम्पर्क स्थान |
|---|---|
| ● अकाउन्ट दर्ता, बुकिङ गर्ने तरिका र बुकिङ पूरा भएको सूचना इमेलको बारेमा<br>● परिचय खुल्ने कागजातहरूको सम्बन्धमा<br>● अकाउन्ट दर्ता गरेपछि आफ्नो नाम परिवर्तन गर्ने बारे<br>● परीक्षा केन्द्रको उपलब्धताको सम्बन्धमा | **Pearson VUE ग्राहक सेवा**<br>https://www.pearsonvue.com/us/en/test-takers/customer-service/email.html |
| ● परीक्षाको विषयवस्तुको बारेमा<br>● परीक्षा दिनको लागि योग्यता र सर्तहरू<br>● परीक्षाको नतिजाको सम्बन्धमा<br>● उत्तीर्ण प्रमाणपत्र जारी गर्ने सम्बन्धमा | **सार्वजनिक हित संस्थान जापान भवन मर्मतसम्भार संघ**<br>**इमेल:** tokuteiginou@j-bma.or.jp |